**नेपाल दूरसंचार कम्पनी लिमिटेड**
**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२(२) संग सम्बन्धित**
**आ.व. २०६७।६८ को चौथो त्रैमासिक प्रतिवेदन**

## १. वित्तीय विवरण

आ.व. २०६७।६८ को चौथो त्रैमासिक अवधिको वित्तीय विवरण अनूसुची १ मा संलग्न गरिएको छ।

## २. व्यवसायको विकास सम्बन्धमा व्यवस्थापनको धारणा

कम्पनीले प्रदान गरिरहेका सेवाहरुको व्यापक बिस्तार भैरहेको हूंदा लक्ष्य अनूसार कम्पनीको आम्दानी भएको छ। कम्पनीको तरलताको अवस्था सन्तोषजनक रहेको छ।

## ३. कानूनी कारवाही सम्बन्धी विवरण

चालू त्रैमासिक अवधिमा कम्पनीको विरुद्ध १ (एक) वटा मात्र मुद्धा दायर भएको छ।

## ४. कम्पनीको शेयर कारोवार सम्बन्धी विश्लेषण

चौथो त्रैमासिक अवधिमा कारोवार भएको ५३ दिनमा कूल कारोवार संख्या ४१० मार्फत जम्मा ८३,३९० कित्ता शेयरको खरिद विक्री भएको छ। सो वीचमा प्रति कित्ता शेयरको मूल्य अधिकतम रु.४६६ तथा न्यूनतम रु.३५२ मा कारोवार भै त्रैमासिक अवधिको अन्तिम मूल्य रु.४१९ कायम भएको छ।

## ५. कम्पनीले सामना गरेका समस्या तथा चुनौतीहरु

**क) वाहृय चुनौतीहरु**

- बजार प्रतिस्पर्धा
- विश्वव्यापी रुपमा भईरहेको प्रविधिको बिकास
- अर्न्तराष्ट्रिय आगमन कलमा भैरहेको गैर कानूनी कारोवार
- ग्राहकहरुको रुची र छनौटमा आएको परिवर्तन

**ख) आन्तरिक चुनौतीहरु**

- कर्मचारीहरुको कार्य शैलीमा परिवर्तन गर्ने
- सेवाहरुको विस्तार तथा गुणस्तरमा बृद्धि गर्ने

**ग) चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति**

- देशको सबै भागमा विशेष गरी अर्धशहरी क्षेत्र र ग्रामिण क्षेत्र लगायतका नेपालको सवै भेगमा स्तरीय प्रविधिको दूरसंचार पूर्वाधार खडा गरी सर्बसूलभ सेवा प्रदान गर्ने।
- शहरी क्षेत्रको प्रतिस्पर्धात्मक अवस्थालाई दृष्टिगत गरी ADSL, Broadband Internet, NGN (Next Generation Network) जस्ता नंया प्रविधि मार्फत थप सेवा सूविधाहरु उपलब्ध गराउने।

- हाल सञ्चालनमा रहेका सेवा समेतमा विभिन्न Value Added Services थप गर्दै लैजाने ।
- सेवाको गुणस्तर तथा कार्यमूलक सूचकांक निर्धारण गरी कार्यान्वयन गर्ने ।
- आन्तरिक तथा बाह्य तालीम प्रदान गरी कर्मचारीहरुको कार्यशैलीमा परिवर्तन ल्याउने ।
- कम्प्युटर प्रणालीमा आवद्ध Customer Relationship Management(CRM) ब्यबस्था लागु गरी दूरसञ्चार सेवा सम्वन्धी ग्राहकमा गुनासा तथा समस्याहरुलाई निराकरण गर्नको लागि Call Centre, Complain Desk को ब्यबस्था गर्ने ।
- कम्पनीले प्रदान गरिरहेका सेवाहरुलाई मितब्ययी र प्रभावकारी बनाउने उद्धेश्यले सम्भव भए सम्म Out Sourcing गरी कार्य गराउने तर्फ बिशेष पहल गर्ने ।
- कम्पनीका कर्मचारीहरुलाई प्रतिस्पर्धात्मक वातावरणमा काम गर्न सक्ने गरी Customer Focus मा केन्द्रीत बनाउन Counseling/ Training को ब्यबस्था गर्ने ।

**६. संस्थागत सुशासन**

संस्थागत सुशासन अभिबृद्धिका लागि नागरिक वडापत्र कार्यान्वयन, केन्द्रीय स्तरमा सुशासन इकाइको गठन, कर्मचारीहरुको आचारसंहिता लागु भएको । कम्पनीको Web Site मार्फत ग्राहकबर्ग तथा सर्वसाधारणमा कम्पनीको महत्वपूर्ण सूचना तथा जानकारी अद्यावधिक रुपमा उपलब्ध गराउदै पारदर्शिता आर्थिक अनूशासन कायम गरी उच्चस्तरको संस्थागत शूशासनको अवलम्वन गर्ने ।

७. आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रवन्ध निर्देशक

नेपाल दूरसंचार कम्पनी लि.